An Australian Government Initiative

see skills for education and employment

# स्वयं सेवकको काम खोज्नेहरूका लागि SEE – प्रायः सोधिने प्रश्नहरू

स्वयं सेवकको काम खोज्ने व्यक्तिहरूले Centrelink बाट या त आय सहायता भुक्तानी प्राप्त गर्दैनन् वा या आफूले प्राप्त गर्ने भुक्तानीवापत कुनै दायित्व पूरा गर्नु पर्दैन । स्वयं सेवकको काम खोज्ने व्यक्तिको SEE कार्यक्रमको बारेमा प्रायः सोधिने प्रश्नहरू यहाँ दिइएका छन् ।

## प्रायः सोधिने प्रश्नहरू

**Q. म SEE मा सहभागी भएँ भने मैले रोजगारी सेवा प्रदायकसँगको अपोइन्मेन्टमा जानु पर्छ ?**

A. पर्दैन । स्वयं सेवकको काम खोज्न चाहने व्यक्तिहरूको रोजगारी सेवा प्रदायक हुँदैन । तपाईंले SEE कक्षामा सहभागी हुनु पर्छ र आफ्नो अध्ययनलाई निरन्तरता दिनु पर्छ ।

**Q. SEE मा सहभागी हुन मैले Job Seeker को रूपमा आफ्नो नाम दर्ता गराउनु पर्छ – यसको अर्थ के हुन्छ ? मैले काम खोज्नु पर्छ ?**

A. पर्दैन । तर चाहनु हुन्छ भने तपाईं काम खोज्न सक्नुहुन्छ ।

**Q. SEE मा सहभागी हुनुअगाडि मैले किन Job Seeker का रूपमा आफ्नो नाम दर्ता गराउनु पर्छ ?**

A. SEE कार्यक्रमको उद्देश्य भनेको अष्ट्रेलियाको श्रम शक्तिको सीप विकास गर्नु हो । अर्थात् तपाईंलाई काम खोज्ने बेला भएपछि काम भेट्न सक्ने बनाउनु यसको दीर्घकालीन लक्ष्य हो ।

**Q. मैले Job Seeker का रूपमा आफ्नो नाम दर्ता गरेपछि मैले Centrelink मा केही कुरा रिपोर्ट गर्नु पर्छ ?**

A. पर्दैन । स्वयं सेवकको काम खोज्ने व्यक्तिहरूले Centrelink मा केही कुरा रिपोर्ट गर्नु पर्दैन।

## SEE र स्वयं सेवकको रूपमा Job Seeker मा दर्ता

SEE कार्यक्रमको उद्देश्य भनेको काम खोज्ने व्यक्तिको पठन, लेखन, गणित र आधारभूत कम्प्युटर क्षमता अभिवृद्धि गर्नु हो । तपाईंले यी सीप विकास गर्नुभयो भने तपाईं राम्रो रोजगारी खोज्न वा थप तालिम प्राप्त गर्न सक्ने हुनुहुन्छ । यसले अष्ट्रेलियाली श्रम शक्तिको क्षमता अभिवृद्धि गर्न मद्दत गर्छ ।

**कुनै प्रश्न वा जिज्ञासा छन् भने कृपया आफ्नो स्थानीय SEE प्रदायकसँग कुरा गर्नुहोस् ।**

| SEE कार्यक्रममा सहभागी स्वयं सेवकको काम गर्न चाहने व्यक्तिहरूले: | |
|---|---|
| तोकिएका कक्षामा सहभागी हुनुपर्छ | ✓ पर्छ |
| पठन, लेखन, गणित र कम्प्युटर सीप सुधार्नु पर्छ | ✓ पर्छ |
| रोजगारी प्राप्त गर्ने दीर्घकालीन लक्ष्य हुनु पर्छ | ✓ पर्छ |
| रोजगारी खोज्नु पर्छ | × पर्दैन |
| रोजगारी सेवा प्रदायकसँगको अन्तर्वार्तामा सहभागी हुनु पर्छ | × पर्दैन |
| गतिविधि परीक्षणमा पास हुनु पर्छ वा मासिक पोइन्टको लक्ष्य पूरा गर्नु पर्छ | × पर्दैन |